# गाउँपालिकाको १९औं गाउँसभा तथा १०औं बजेट अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

१) खानीखोला गाउँपालिकाको १९औं गाउँसभामा उपस्थित् उपाध्यक्षज्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सम्पुर्ण कर्मचारी साथीहरु, उपस्थित् पत्रकार मित्रहरु एवं गाउँवासी सम्पुर्ण आमाबुवा, दाजुभाई तथा दिदीवाहिनीहरु, खानीखोला गाउँपालिकाको यस १९औं गाउँ अधिवेशनको सभामा हार्दिक स्वागत एवं न्यानो अभिवादन छ ।

२) सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल खानीखोला गाउँपालिका अध्यक्षको हैसियतले सम्मानित १९ औं गाउँसभाको पहिलो बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई खुसी लागेको छ । यस अवसरमा म, सर्वप्रथम संघीय, गणतन्त्र एवं समावेशी लोकतन्त्र स्थापनार्थ र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले गरेको महान जनयुद्ध र ऐतिसाहिक जनआन्दोलन, अनेकौं सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, बेपत्ता र पीडित नागरिकहरूप्रति सम्मान व्यक्त गर्दछु ।

३) नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले विभिन्न चरणको सहभागितामूलक प्रिक्रियाबाट यस गाउँ पालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

४) नेपालको संविधान, २०७२ मा व्यवस्था भएको राज्यको पुर्नसंरचना अन्तरगत संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारको व्यवस्था भए बमोजिमको २०७३ सालमा यो खानीखोला गाउँपालिका नेपालको पहाडी क्षेत्र अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको दक्षिणी भेगमा अवस्थित गाउँपालिको हो । साविकको फलामेटार, डाँडागाउँ, साल्मेचाकल, साल्धारा र मिल्चे गा.वि.स. मिलाएर बनेको यो गाउँपालिकामा जम्मा ७ वटा वडाहरू रहेका छन् । यसको क्षेत्रफल १३२ वर्ग कि.मी. रहेको छ भने २०७८ सालको जनगणना अनुसार १२२०१ जनसङ्ख्या रहेको छ । तामाङ, मगर, नेवार, बाहुन, क्षेत्री, गुरुङ, माझी, विश्वकर्मा, सार्की, पहरी, दमाई लगायत विभिन्न जातजातिहरूको सम्मिश्रित संस्कार संस्कृती अंगालेर बसेको गाउँपालिका हो खानीखोला । कृषि, पशुपालन यस क्षेत्रको प्रमुख आर्थिक श्रोत हो । यो भूगोल भित्र थुप्रै चुनौतीहरू र सम्भावनाहरू उत्तिकै रहेको हुँदा यिनै भूगोलको बिचबाट जनताले स्थानीय सरकारको रुपमा जनप्रतिनिधिलाई एकातिर अधिकार र अर्को तर्फ कर्तव्यको सन्तुलित पखेटा दिएर यस गाउँपालिकाको समृद्ध उडानको लागि दिएको छ यसै सन्दर्भमा

आज हामी यस गाउँपालिकाको समृद्ध उडानको लागि जनादेश आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय, व्याय नीति तथा कार्यक्रम लिएर आएका छौं ।

५) स्थानीय जनताको सार्वभौम अधिकारलाई संस्थागत गराउन तथा चुस्त, दुरुस्त र प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्ने हाम्रो लक्ष्य हो । सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज बनाउनु अनिवार्य छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालय, स्वास्थ्य संस्थाहरूको क्षमता विकास, श्रोत साधनमा बृद्धी र प्राणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौं । कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्द्धन जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष जोड दिएका छौं । आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम पालिकाबासी तथा सबै सरोकारवाला महानुभावनहरूको सहयोग, समन्वय र सहकार्य रहने विश्वास लिएको छु ।

६) समस्या र चुनौतीहरूको न्यूनीकरणका लागि समाधानका उपायहरूको खोजी गर्न जरूरी छ । समयमै समाधानका उपायहरू पहिल्याउँदै सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, सङ्घ/सङ्गठन, सञ्चारकर्मी, राजनीतिक दल र सरोकारवालाहरूको ऐक्यबद्धता, सहकार्य, समन्यव, आत्मविश्वास र आशावादले गाउँपालिकाको वासीहरूमा आशा र उर्जाको सञ्चार गर्नु आवश्यक छ ।

७) स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएको हुनाले जनताको आकाङ्क्षा र आवश्यकतालाई सम्बोधन गर्दै जनभावना अनुसार सामाजिक न्याय सहित सार्वजनिक सेवालाई सुदृढीकरण गर्दै गाउँपालिकाको सर्वाङ्गिण विकास गर्न गाउँपालिका प्रतिबद्ध रहेको छ । सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापनलाई पारदर्शी, जनमुखी, उत्तरदायी र गुणस्तरीय बनाउन सेवा प्रवाह प्रक्रियलाई सूचना प्रविधिमा आधारित बनाउँदै लगिएको छ।

८) गाउँपालिकाको दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ, लक्ष्यहरू निर्धारित छन्, नीति तथा कार्यक्रम जनमूखी छन्, कार्यान्वयन परिणाममूखी छ भन्ने कुरामा हामी विश्वस्त छौं।

९) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) तथा विभिन्न निकायहरूले गर्ने परीक्षण सहित खानीखोला गाउँपालिका काभ्रेपलाञ्चोक जिल्ला अन्तर्गतका स्थानीय तहहरू मध्ये कै विशिष्ट नतिजा हासिल गरेको छ साथै महालेखा परीक्षकको कार्यालयको अन्तिम लेखापरीक्षणबाट कायम हुने बेरुजुको प्रतिशत करिब शून्यको हाराहारीमा रहेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको

कार्यसम्पादनमा आधारित मूल्याङ्कनमा समेत गाउँपालिकाले उल्लेखनीय स्थान हासिल गरेको छ । यस सँगसँगै खानीखोला गाउँपालिका अहिले ऐतिहासिक पर्यटकीय केन्द्रको रूपमा स्थापित हुने क्रममा रहेको छ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरू**

१०) संघ, प्रदेश र स्थानीय सरकारबिचको आपसी समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त अनुरुप संघीय र प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आधार मान्दै आफ्नो सामाजिक र राजनीतिक अभियान्तको रुपमा प्राप्त अनुभूतिहरु, गाउँपालिका प्रमुखको रुपमा झण्डै यो ५० महिनाको कार्यकालमा प्राप्त अनुभव, जनआकांक्षा, विद्यमान श्रोतसाधन र विभिन्न तहबाट प्राप्त सल्लाह सुझावहरुलाई आत्मसात गर्दै आज यस गरिमामय अधिवेशनमा आ.व. २०८२/०८३ का लागि स्वीकृत गरेको नीति तथा कार्यक्रम वमोजिम यो लगभग १ वर्षको अवधिमा भएका मुख्य उपलब्धिहरु बुँद्धगत रुपमा यहाँहरु समक्ष राख्ने अनुमति चाहान्छु ।

- सडक पूर्वाधारमा निर्माणको क्षेत्रमा बन्दै गरेको तालढुंगा उदयीमान सहरी विकास कार्यक्रम, जनमुक्ति-मार्ग, खानीखोला करिडोर, खोपासी-तालढुंगा, तालढुंगा-हेलटार, सिक्रेदोभान पुल, खानीखोला पक्की पुल, दुर्लुङखोला पुल ढिलै भएपनि सम्पन्नताको चरणमा रहेको अवस्थाले हामीलाई विगतभन्दा थप आशावादी बनाएको छ ।
- "कृषिमा जसको उत्पादन उसैलाई अनुदान" कार्यक्रमका साथ साथै एक वडा एक उत्पादन कार्यक्रम मार्फत कफीको व्यवस्थित एवं व्यवसायिक खेतीको शुरुवात क्रममा यस साल मात्रै वडा नं. २ मा एक लाख थप बेर्ना रोपन र वडा नं. ३ र ४ मा २० हजार बेर्ना रोपन कार्यक्रम उत्साहजनक ढंगले सम्पन्न भएको अवस्थाले किसानहरूमा ऐतिहासिक जागरण आएको छ । साथै वडा नं. २ मा अदुवाखेती प्रति भएको किसानको व्यापक आकर्षणले व्यवसायिक उत्पादनको नयाँ आयाम थपिएको छ ।
- यस गाउँपालिकाको अर्को मुख्य उत्पादन भनेको "खुवा" हो वार्षिक १२ करोड बराबरको खुवा यस पालिकाबाट निर्यात हुने गरेको छ । यसलाई थप आकर्षित तुल्याउन हामीले खुवाको औधोगिकरण तर्फ जोड गर्नुपर्ने देखिन्छ ।
- खानीखोला गाउँपालिका सरकारको अति लोकप्रिय कार्यक्रम "स्थानीय उत्पादन खरिद विक्री केन्द्र" हो यस वर्ष यस कार्यक्रमबाट हामीले आशा तित लक्षित सफलता हासील गर्न सकेनौ । यसको संचालक पक्षको तर्फबाट पालिका सरकारसँग गरिएको सम्झौता बमोजिमको क्रियाकलाप अगाडी

नबढाउनाले हामी दुःखी पनि छौं, यसका बाबजूद आगामी वर्षबाट यसलाई अझ भिन्न र नयाँ ढंगले संचालन गर्न जोड दिनुपर्ने देखिन्छ ।

- गत असोज १७-१९ गतेको भिषण अविरल वर्षाद्का बाबजुद स्थानीय सडकहरुको मर्मत एवं सरसफाई गरी सर्वाजनिक यातायात सेवालाई सञ्चालन गरिएको छ।
- आ.व. २०८२/०८३ मा गाउँपालिकाको समग्र विकासलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँ कार्यपालिकाबाट कार्य तालिका स्वीकृत गरी सो वमोजिम कार्य अगाडी बढाइएको छ ।
- खानीखोला गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य तिव्र रूपमा भई अन्तिम चरणमा रहेको छ ।
- बागमतीमा पक्की पुल बन्दा खानीखोलाबासीको जीवनमा अभुतपुर्व परिवर्तन ल्याउन सकिने कुरालाई मध्यनजर गरी सो पुल निर्माणको लागि सम्बन्धित निकायहरूमा निरन्तर पहल गरि हाल उक्त पुलको निर्माण कार्य अन्तिमा चरणमा रहेको छ साथै गत बर्षको भिषण बर्षाले करिब ७०० मिटर हात्तिसार-सिक्रे सडक खण्ड पूर्ण रुपमा बगाएको हुनाले यस आर्थिक वर्ष हात्तिसार देखि सिक्रेको पुलसम्म पुग्न नयाँ ट्र्याक खन्ने कार्य तिव्र रुपमा भइरहेको छ । सरकारले यही असार भित्रमा सो ट्र्याक सञ्चालनमा ल्याउने लक्ष्यका साथ काम गरिरहेको कुरा अवगत गराउँदछु ।
- खानीखोला गाउँपालिका अन्तर्गत सम्पूर्ण वडाहरूमा केन्द्रिय विद्युतीकरण जडान गर्न सफल भएको छ ।
- अहिले विश्वव्यापी रुपमा सामुदायिक स्वास्थ्य इकाइको महत्व बढेर गएको छ । खानीखोला जस्तो विकट गाउँपालिकाको विकटता एवं भौगोलिक कठिनतालाई मध्यनजर गरी स्थानीय स्वास्थ्य सेवा सहज नभएको अवस्थालाई सहज बनाउन गाउँपालिका भित्र वडा नं. १ को दयागाउँ र वडा नं. ७ को महाँङ्कालमा थप सामुदायिक स्वास्थ्य इकाइ विस्तार गरिएको छ ।
- खानीखोलाको निर्माणाधीन आधारभूत अस्पताल छिटोभन्दा छिटो सम्पन्न गराउन गरिएको पहल जारी रहेको छ भने सो अस्पतालको दुईवटा भवन मध्ये एउटा भवन सम्पन्न भई सकेकोले उक्त भवनमा गाउँपालिका मातहतका केही शाखा र कर्मचारी आवास प्रयोजनको लागि सदुपयोग गरिएको छ ।
- यस गाउँपालिकाको विशेष योजनाको रुपमा रहेको जनमुक्ति मार्गको तालढुङ्गा-हात्तिसार सडक खण्ड सम्पन्न भई प्रयोगमा आइसकेको छ भने खोपासी-तालढुङ्गा सडक अन्तर्गत डुम्रे-तालढुङ्गा खण्ड स्तरउन्नती सम्पन्न भइसकेको छ । खोपासी-तालढुङ्गा सडक अन्तर्गत चित्रे-स्याउरीथली खण्डमा संघ प्रदेशको समपुरक योजना अन्तर्गत ठेक्का भई निर्माण कार्य आरम्भ भइसकेको छ ।

- गत आ.व. मा ठेक्का लगाई गरिएका योजना अन्तर्गत आँपटार-जगथली, जुरे-भाङटारवेसी, सुकुमफेदी-धाप्ले-महाँकाल र च्याल्टी-कोठे-दयागाउँ सडकहरूको स्तरोन्नती कार्यक्रम तिव्र रपमा भइरहेको छ ।
- गाउँपालिकाको कार्यालय, प्रत्येक वडा कार्यालयहरू, स्वास्थ्य चौकी र विद्यालयहरूमा इमेल इन्टरनेटको सहज व्यवस्थापन गरी कामलाई व्यवस्थित, भरपर्दो तथा छिटो गर्न सजिलो इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा फाइबर सहितको गुणस्तर इन्टरनेट सेवाको व्यवस्थापन सहित जडान गरी सञ्चालनमा ल्याइसकेको छ ।
- गाउँमै रही उद्यमी बन्नको लागि बागमती प्रदेश सरकारको गरिबि निवारण मन्त्रालय कार्यक्रम महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत तेह्र दिने क्रिस्टलको गहना बनाउने तालिम ३५ जना महिलाहरूको सहभागीतामा सम्पन्न गरेको छ ।
- खानीखोला गाउँपालिकाभित्र गर्भवती/सुत्केरी महिलाहरुका लागि एकतर्फी एम्बुलेन्स सेवा निशुल्क रुपमा बिगतमाझै निरन्तर सेवा उपलब्ध गराइएको छ ।
- गाउँपालिकाभित्रका सम्पुर्ण ६० वर्षमाथिका जेष्ठ नागरिक र दिर्घरोगीहरुको प्रत्येक महिनाको अन्तिम सातामा घुम्ती स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको छ।
- गाउँपालिकाभित्रका दीर्घरोगी (क्यान्सर रोग, मृगौला प्रत्यरोपण, डाइलासिस, मेरुदण्डको पाक्षघात) भएकालाई मासिक ५ हजारका दरले भत्ता उपलब्ध गराउन नेपाल सरकारको नीति अनुरुप सेवा उपलब्ध गराइएको छ ।
- पालिकाभित्रका ३८ वटा विद्यालयका प्रधानध्यापकहरुसँग अन्तरक्रिया गरी शिक्षण सिकाईलाई थप प्रभावकारी र उपलब्धि मूलक बनाउन आवश्यक कार्ययोजना निर्माण गरिएको छ ।
- आमा सुरक्षा कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्रका विभिन्न वर्थिङ सेन्टरहरु मार्फत् १०३ जना सुत्केरी गराइएको छ । त्यस्तै गाउँपलिकाभित्रका विभिन्न स्वास्थ्य चौकीहरुमा गएको यस आर्थिक वर्षमा १० हजार ७ सय ४ जनाले बहिरंग उपचार सेवा प्राप्त गरेका छन् ।
- गाउँपालिका अन्तर्गत रहेको श्री जनविकास माध्यमिक विद्यालय र श्री कुमारी माध्यमिक विद्यालयहरूको छात्रवास निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- गाउँपालिकाबाट आवसीय शिक्षा मार्फत १४ जना आमाबाबु बिहिन बालबालिकालाई व्यवस्थित शिक्षण प्रदान गर्दै आएको छ ।
- गाउँपालिकाका बालबालिकाको सर्वाङ्गीण विकासका लागि राष्ट्रपति रनिङ शिल्ड र अन्य अतिरिक्त क्रियाकलापहरूको आयोजना गरी विद्यालयहरूलाई एक अर्कामा प्रतिस्पर्धात्मक ढंगले अगाडी बढ्न प्रेरित गरिएको छ र अतिरिक्त क्रियाकलाप पनि सञ्चालन गरिएको छ ।

- खानीखोला गाउँपालिकालाई पूर्ण खोप सुनिश्चिता तथा दिगोपना घोषणा गर्न सफल भएको छ ।
- सामाजिक सुरक्षा वापतको रकम निकासा लिनको लागि वडाहरुवाट गाउँपालिकाको केन्द्रमा नै आएर लिनु पर्ने अवस्थालाई हटाउनको लागि दोस्रो चौमासिकदेखि नै बैक र गाउँपालिकाका कर्मचारी वडामा नै गएर वडाबाटै रकम भुक्तानी गर्ने गरेको छ।
- जिल्ला कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक र गाउँपालिकाको साझेदारीमा वडा नं. २ लाई समुदायमा आधारित **"एक वडा एक कृषि उत्पादन"** कार्यक्रम अन्तर्गत कफी पकेट क्षेत्र कार्यक्रम लागु गरिएको छ ।
- यस आर्थिक वर्षमा मात्र गाउँपालिकद्वारा गाउँपालिकाका यूवा, महिला र लक्षितवर्गको लागि केन्द्रित रहेर आत्मनिर्भरता बनाउन करिब ५०० जनालाई विभिन्न सिपमूलक तालिम सम्पन्न गरिएको छ ।
- **"राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम"** अन्तर्गत सञ्चालित आयोजना अन्तर्गत यस गाउँपालिकामा रोजगारी सिर्जनाका लागि १८ वटा आयोजना सम्पन्न गरिएको छ ।
- गाउँपालिकाबाट विदेशिएका बढ्दो युवाशक्तिको मध्यनजर गर्दै बैदेशिक रोजगारीको प्रक्रियालाई सहजीकरणका लागि पुनःश्रम स्वीकृतिको कार्य गाउँपालिकाबाट लिन मिल्ने व्यवस्था गरिएको छ ।
- गाउँपालिकाभित्र रहेका बेरोजगारी व्यक्तिहरुलाई राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गतको (EMIS) प्रणालीमा १,०२५ जनालाई सूचीकृत गरिएको छ।

**सभाका सदस्यज्यूहरू,**

अब म गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि अपनाइएको नीति प्रस्तुत गर्न चाहन्छुः

## ११. वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि अपनाइएको नीति

११.१ नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेखित नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानु पर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक

प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार पारिएको छ ।

११.२ गाउँपालिकाको सहभागितामूलक योजना तर्जुमा तथा लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन व्यवस्थाको मर्म अनुरुप राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता सम्पन्न जनताको शासन प्रक्रियामा अधिकाधिक रूपमा सहभागिता गराई नेपालको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देष्टि गरे अनुरुप प्रक्रिया मार्फत टोल तथा बस्तीस्तरीय योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको छ । टोल तथा बस्तीस्तरीय योजना तर्जुमा गोष्ठी गरी टोल तथा बस्ती स्तरबाट छनौट भई आएका योजनाहरूको प्राथमीकरण गरिएको छ ।

११.३ गाउँपालिका भित्रका आवश्यक सम्भाव्य स्रोतहरूको समुचित पहिचान गरी आपसी परामर्शको आधारमा नीति, कार्यक्रम तर्जुमा गरिएको छ ।

## १२. सोँच

"हामी बनाउँछौं हाम्रो खानीखोला" भन्ने मूल नारालाई सम्पूर्ण खानीखोलाबासी नागरिकहरूको साझा नाराको रूपमा स्थापित गरी सोही बमोजिम सम्पूर्ण नागरिकलाई विकास र परिवर्तनको मार्गतर्फ एकीकृत र केन्द्रीकृत हुने वातावरण सिर्जना गरी स्वस्थ, स्वच्छ, सभ्य एवम् समुन्नत खानीखोला बनाउने सोँच यस नीति तथा कार्यक्रमले बोकेको छ ।

## १३. लक्ष्य

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरि रहँदा यस गाउँपालिकालाई समुन्नत, समृद्ध र आत्मनिर्भर बनाउने नीति तथा कार्यक्रम र योजनाहरूलाई प्राथमिकता दिइएको छ । जनताबाट प्रत्यक्ष माग भएका तथा यस गाउँपालिकाको दीर्घकालीन महत्वका योजनाका रूपमा पहिचान भएका योजना तथा कार्यक्रमहरूलाई समावेश गरी यस गाउँपालिकाको सम्भावना र अवसरलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम तय गरेको व्यहोरा अवगत गराउँछु । "भौतिक पूर्वाधार युक्तस् बेरोजगार मुक्त" उत्पादनले भरिपूर्ण समावेशी समानुपातिक चरित्र बोकेको, उद्यमशील नागरिक, गरिबी र विभेद रहित खानीखोला निर्माण गर्ने हाम्रो लक्ष्य रहेको छ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०८३/०८४ को विषयगत एवम् क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १४. आर्थिक विकास

नेपालका सबै निर्वाचित निकाय एवम् राजनितीकर्मीहरूले आर्थिक समृद्धि विषयलाई आफ्नो प्रमुख एजेण्डाको रूपमा प्रस्तुत गरि गरिरहेको कुरा हामीमा सर्व विदितै छ तर समृद्धिको आधार समृद्धिको खाका र समृद्धि सम्बन्धी ठोस योजना बन्न नसक्दा फेरि समृद्धि केवल राजनीतिक एवम् चुनावी भाषणको मिठो शव्द बाहेक केही बन्न नसकेको आजको तितो यथार्थ हो । यसर्थ खानीखोलाको आर्थिक जीवनलाई माथि उठाउने सन्दर्भमा खानीखोला सरकारले आफ्नो ध्यान मूख्य रूपमा केन्द्रित गर्न चाहि रहेको छ जसको निम्ति तपसिल बमोजिमको नीति लिइएको छ ।

- यस गाउँपालिकाको नागरिकको आर्थिक जीवनको स्तरवृद्धि गर्नका लागि गाउँपालिकाले कफीमा जसको उत्पादन उसैलाई अनुदान कार्यक्रम अत्यन्तै प्रभावकारी देखिएको र यस कार्यक्रम प्रति किसानहरूको व्यापक आकर्षण भएकोले उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ/दिदै लगिनेछ ।
- गाउँपालिकाको केन्द्रमा किसानहरूद्वारा उत्पादित वस्तुहरूलाई व्यवस्थित एवम् बजारीकरण गर्न स्थापना भएको कृषि हाट बजारलाई थप प्रभावकारी ढंगले सञ्चालनमा ल्याइनेछ ।
- स्थानीय स्रोत, स्थानीय ज्ञान र सीपमा आधारित स्थानीय कृषि ग्रामीण औद्यागिकीकरणको प्रक्रियालाई आत्मसात गरिनेछ ।
- स्थानीय उत्पादकत्व वृद्धी गराई बजारीकरणमा सहजीकरण गर्नका लागि स्थापना गरिएको स्थानीय उत्पादन खरीद बिक्री केन्द्रलाई निरन्तरता दिइनेछ/दिदै लगिनेछ । साथै सोको संचालनमा देखापरेका समस्याहरूलाई निराकरण गर्दै थप व्यवस्थित बनाइनेछ ।
- गाउँपालिकाको कफीमा जसको उत्पादन उसैलाई अनुदान कार्यक्रमलाई विस्तार गरी तोरी उत्पादनमा अनुदानको व्यवस्था गरिनेछ ।
- दूध तथा दूध जन्य पदार्थको उत्पादनलाई केन्द्रीकृत गर्न उद्योग स्थापना गरिनुका साथै कार्यविधि निर्माण गरी साना उद्योगलाई प्रोत्साहन अनुदानको व्यवस्था मिलाइनेछ।
- खानीखोला गाउँपालिका आफैं खानी नै खानी भएको भूगोलको अर्को नाम हो । यहाँ तामाखानी, फलामखानी, चुनखानीको सम्भाव्यता सम्बन्धी प्रारम्भिक अध्ययन भइसकेको छ । यसर्थ यहाँको खानीलाई उत्खनन गरी निर्यात गर्न सकेमा यहाँको आर्थिक विकासको लागि ठूलो मद्दत पुग्ने हुनाले सो सम्बन्धी योजना बनाई कार्यान्वयन गर्न पहल गरिनेछ ।

❖ कफि उत्पादक किसान व्यवसायिक कम्पनीहरू समेतको साझेदारीमा गाउँपालिकामा उत्पादित कफिको लागि गाउँपालिकामा नै प्रशेधन केन्द्र गर्ने व्यवस्था मिलाइनेछ।

❖ गाउँपालिका क्षेत्रमा मनाइने जात्रा, मेला उत्सव लगायत स्थानीय पर्वहरूको प्रवर्द्धनका लागि आवश्यक प्रचार प्रसार गरी संरक्षण र प्रवर्द्धनमा योगदान पुग्ने कार्यक्रमको व्यवस्था गरिनेछ ।

❖ खानीखोलाबासी नागरिकको सांस्कृतिक मूल्य, मान्यता र जागरणलाई संबोधन गर्ने गरी दशैं, ल्होसार र माघी जस्ता पर्वहरुको संरक्षण संवर्द्धन गरिनेछ र यहाँ रहेका सबै समुदायको भाषा, संस्कृति, धर्मको पहिचान झल्कने गतिविधिहरूको संरक्षण गर्नुका साथै प्रवर्द्धन गरिनेछ ।

❖ पर्यटकीय स्थललाई सौन्दर्यकरण गर्दा स्थानीय ज्ञान, सीप र प्रविधिको मौलिकतामा आधारित भएर प्रवर्द्धन कार्यक्रम गरिनेछ । साथै गाउँपालिकाको पहिचान सहितको आन्तरिक राजश्व बृद्धीको लागि होमस्टे सञ्चालन गर्नको लागि प्रोत्साहित गरिनेछ ।

❖ "जाऊँ डाँडागाउँ पेङ दोर्जे पार्क" अभियान अन्तर्गत पेङ्दोर्जे पार्क स्थल क्षेत्रको विशेष प्रवर्द्धन गरिनेछ ।

❖ खानीखोला गाउँपालिकामा पर्यटन प्रवर्द्धन गर्नका लागि यस पालिका भित्रका पर्यटन सम्वद्ध प्रचारात्मक सामाग्री प्रकाशन गर्ने उत्कृष्ट व्यक्ति वा संस्थालाई सम्मान गरिनेछ।

❖ यस गाउँपालिकामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन भई निस्सा समेत प्राप्त भइ सककोले सो विवरण अनुसार जग्गाको नाप नक्सा तयार गरी जग्गा धनी प्रमाण पुर्जा वितरण गरिनेछ ।

❖ खानीखोलामा बसोबास गर्ने सबै स्वदेश तथा विदेशमा रहेको युवाहरूलाई "अब गाउँमै कमाउने, गउँमै रमाउँने" अभियान अन्तर्गत गाउँमा नै उद्यमी बन्ने अवसर सिर्जना गर्दै प्रोत्साहित गरिनेछ ।

❖ एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइ कफीको उत्पादकत्व बृद्धि गराइनेछ ।

❖ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि गरिने पुनः श्रम स्वीकृति साथै कन्सुलर सेवा विभागबाट प्रदान गरिने सेवाहरु गाउँपालिकाबाट दिइने व्यवस्था मिलाइनेछ ।

❖ यस गाउँपालिकाभित्र सञ्चालित विभिन्न दुग्ध सहकारी संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गरी वास्तविक उत्पादक किसानहरूले प्रत्यक्ष लाभ पाउने गरी बागमती प्रदेश सरकारसँगको साझेदारीमा प्रतिलिटर रू. २/- (दुई रुपैयाँ) अनुदान उपलब्ध गराउने कार्यक्रम लागु गरिनेछ ।

❖ भूमि प्रशासन सम्बन्धी सेवाहरू जस्तै भूमिसुधार/मालपोत कार्यालय र नापी कार्यालयहरूबाट प्रवाह हुँदै आएका सेवाहरू आगामी आ.व. देखि यस खानीखोला गाउँपालिकाबाट भूमि प्रशासन कार्यालय स्थापना गरी सेवा प्रवाह हुने व्यवस्था गरिनेछ।

- ❖ कृषिमा आत्मानिरभर्ता राख्ने ध्ययेका साथ बाँझो जमिन रहित वडा पहिचान गरी बाँझो जमिन रहित वडा घोषणा गर्दै लगिनेछ ।
- ❖ "स्थानीय खाद्य तथा पोषण सुरक्षाको आधार रैथानेबालीको विस्तार" भन्ने लक्ष्यका साथ कृषकको स्थानीय ज्ञान र सीपमा आधारित वैकल्पिक बाली संरक्षणका विधिहरुको संरक्षण र प्रवर्द्धन गरी गाउँपालिकामा किसानले उत्पादन गरेका रैथानेबालीहरुको ब्राण्डिङ्ग तथा प्याकेजिङ्ग गरी छिमेकी स्थानीय तहमा रहेका कृषि बजार खाद्य तथा व्यापार कम्पनीसँगको सहकार्यमा उत्पादित रैथाने उपजहरुको स्थानीस्तर हुँदै राष्ट्रियस्तरमा बजारीकरण गरिनेछ ।
- ❖ गाउँपालिका भित्रका खेती योग्य जमिनमा बाह्रैमास सिंचाई सुविधा पुर्याउनको लागि नेपाल सरकार तथा प्रदेश सरकारको सहयोगमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ भने गाउँपालिकाले सिंचाई कुलो निमार्ण तथा मर्मत कार्यका लागि निरन्तरता दिनेछ।
- ❖ पशुपालनको व्यावसायिकरण, आधुनिकीकरण, यान्त्रीकरण र विशिष्टीकरण गर्न गोठ सुधार, चाप कटर मेशिन अनुदान, वडागत रूपमा पशु स्वास्थ्य शिविर र घुम्ती गोठमा परजीवी नियन्त्रण जस्ता कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ । रेबिज, खोरेत, लम्पिस्किन, भ्याकुते, पि.पि.आर., स्वाइन फिभर विरुद्ध हरेक वर्ष जस्तै कृषकको घरगोठमै पुगेर भ्याक्सिन लगाउने कार्यक्रम जिल्ला भेटेरिनरी अस्पतालको सहयोगमा तथा गाउँपालिकाको समन्वयमा सञ्चालन गरिनेछ ।
- ❖ गाउँपालिकाको आन्तरिक आय बढाउनको लागी यहाँ भएका खानीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उतखनन गरी निर्यात, बिक्री वितरण गर्न कानुन बमोजिम प्रक्रिया बढाइ क्रसर उद्योग संचालनको व्यवस्था मिलाईनेछ ।
- ❖ आन्तरिक आय व्यवस्थान, प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।

## १५. सामाजिक विकास

- ➢ बालबालिका शिक्षा प्रति अभिभावकहरूलाई पूर्ण जिम्मेवारी बनाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालनमा ल्याउनुका साथै व्यवस्थापन समितिको भूमिकालाई थप प्रभावकारी बनाउने विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरूको बैठकलाई निरन्तर मासिक रुपमा राखिनेछ ।
- ➢ खानीखोला गाउँपालिकाको शैक्षिक स्तर उन्नतीका लागि माध्यमिक तहका विद्यालयहरूलाई आवसिय बनाउने नीति लिइनेछ ।
- ➢ माध्यमिक तहका विद्यालयमा अङ्ग्रेजी माध्यमबाट शिक्षा शिक्षण गर्ने विकल्प खुला गरिनेछ ।

- विद्यालयमा कार्यरत शिक्षकहरुका तहगत / विषयगत सिकाई उपलब्धी बृद्धिका लागि तालिमको ब्यवस्था गरिनेछ ।
- विधालयमा अध्ययनरत बालबालिकाहरुको लागि पढाइ लेखाइका अतिरिक्त सर्वाङिगण विकासका निमित्ति नियमित अतिरिक्त क्रियाकलाप गर्न। गराउन विधालयहरुलाई प्रोत्साहित गरिनेछ ।
- विद्यार्थी सङ्ख्या न्यून भई गुणस्तरीय शिक्षाको अवसर प्राप्त हुन नसकेका विद्यालयको तह तथा कक्षा मिलान गरी शिक्षामा गुणस्तर वृद्धि गर्न सामुदायिक विद्यालयहरुको नियमित अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- शैक्षिक गुणस्तर कायम गर्न गाउँपालिकास्तरमा परीक्षा सञ्चालन प्रक्रियामा एकरूपता कायम राखी आधारभूत तहको अन्त्यमा विद्यार्थीको शैक्षिक उपलब्धी निष्पक्ष र गुणस्तरीय तरिकाले मूल्याङ्कन गर्ने आवश्यक व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिइने दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउन स्थानीय स्तरमै उपलब्ध खाद्य सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा आधारित प्रारम्भिक बाल विकास (ECD) शिक्षाको गुणस्तर सुधार गर्दै बालमैत्री सिकाइ वातावरण, आवश्यक शैक्षिक सामग्री तथा सहजकर्ताको क्षमता अभिवृद्धि गरिनेछ।
- विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता अभिबृद्धका निमित्त अन्तरक्रिया एवं कार्यशालाहरु संञ्चालन गरिनेछ ।
- आधारभूत तथा माध्यमिक सामुदायिक विधालयहरुमा विधुतीय हाजिरी जडान गरी दुर अनुगमन (Distance Monitoring) मा जोड दिइनेछ ।
- गाउँपालिका अन्तर्गतका जेष्ठ नागरिक बा-आमाहरूलाई आ.व. २०८३/०८४ मा  जेष्ठ नागरिक सम्मान कार्यक्रमहरू गरिनेछ ।
- गाउँपालिकाको स्थानीय तथा मातृभाषा पाठ्यक्रम तर्जुमा गरी लागू गरि सकिएकोले यसै आर्थिक वर्षमा पाठ्यपुस्तक मुद्रण तथा छपाइ गरी स्थानीय तथा मातृभाषा पाठ्यक्रम कार्यान्वयनमा थप विस्तार गरिनेछ ।
- “जसको कोही छैन उसको गाउँपालिका सरकार छ” भन्ने मुलनाराका साथ अनाथ तथा असहाय बालबालिकाका लागि निःशुल्क आवासीय शिक्षा सञ्चालनमा निरन्तरता दिइनेछ ।
- यस गाउँपालिकाबाट SEE परीक्षामा उत्कृष्ट अंक ल्याई उत्तीर्ण भएका ल्याउने विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।

- अविभावकसँग निरन्तर अन्तक्रिया कार्यक्रमबाट प्राप्त सुझाव जस्ताको त्यस्तै शिक्षक अविभावकसँग र विद्यालय व्यवस्थापन समिति मार्फत प्रत्येक विद्यालयका प्रधानाध्यापकसम्म पुऱ्याई शैक्षिक गुणस्तर सुधारका लागि सम्बन्धित प्रधानाध्यापकलाई पूर्ण जिम्मेवार र जवाफदेही बनाइनेछ ।
- खानीखोला गाउँपालिकामा एक प्राविधिक शिक्षालय र एक सामुदायिक क्याम्पस स्थापनाको लागि सम्बन्धित निकायहरूमा पहल गरिनेछ ।
- गाउँपालिका अन्तर्गत विद्यालयहरूलाई पूर्णतय अर्गानिक, स्थानीय रैथाने उत्पादनको बनाउनको लागि सम्बन्धित विद्यालयहरूमा निर्देशन गरिनेछ ।
- गाउँपालिकाभित्र हुने सरकारी, गैह्र सरकारी कार्यक्रमहरुमा खाना र खाजा पूर्णतय अर्गानिक र रैथाने हुन परिपत्र र निर्देशन गरिनेछ । गाउँपालिकाले आयोजना गरेका कार्यक्रमहरुमा बाहिरिया खाना खाजा भुक्तिानी दिइनेछैन ।
- यस पालिकाभित्रका जननिर्वाचित प्रतिनिधी, सरकारी वेतन खाने कर्मचारी, शिक्षक, विद्यालय व्यवस्थापन समितिका आफ्ना छोराछोरी अनिवार्य रूपमा सामुदायिक विद्यालयमा पढाउनु नीतिलाई निरन्तरता गरिनेछ ।
- गाउँपालिकाका अध्यक्षसहित २ महिनाको एक पटक विद्यालयको समग्र शिक्षण प्रक्रिया सुधार कार्ययोजना र कार्यान्वयन बारेमा नियमित बैठक बसिनेछ ।
- खानीखोला गाउँपालिकामा विगत आर्थिक वर्षबाट सञ्चालनमा ल्याइएको गर्भवती, जेष्ठ नागरिक तथा दीर्घ रोगीहरुको मासिक घुम्ती स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- वर्षमा एक पटक खानीखोलास्तरीय निस्शुल्क एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- महिला स्वयंसेविकाहरूको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरूको सेवालाई प्रभावकारी तुल्याइनेछ ।
- गाउँपालिकामा एम्बुलेन्स सेवा थप गरिने छ र प्रसुति सेवाको लागी बर्थिङ सेन्टरमा (प्रसुती केन्द्र) आउन निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने छ ।
- स्वास्थ्यकर्मीहरुको उच्च मनोबल बनाई राख्न क्षमता अभिवृद्धिका लागि अन्तर सरकार सहयोगमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुका साथै दरबन्दी अनुरुप स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरु परिचालन गरिनेछ ।
- गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- कम्तिमा चार पटक गर्भवति जाँच र बर्थिङ सेन्टरमा बच्चा जन्माए पछि गाउँपालिकाद्वारा विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ । सुत्केरी जाँच (PNC) भने स्वास्थ्यकर्मीले घरमै पुगेर निःशुल्क सेवा उपलब्ध गराउनेछन् ।
- गाउँपालिकाको वर्थिङ सेन्टरमा बच्चा जन्माउने सुत्केरीलाई प्रोत्सहान स्वरुप रु. दुई हजार उपलब्ध गराइनेछ ।
- आङ खसेको महिलाको शल्यक्रिया गर्नुपर्ने भएका र शल्यक्रिया गर्न गएको खण्डमा आतेजाते खर्च र अन्य खर्च बापत रु ५ हजार राहात स्वरुप गाउँपालिकाले उपलब्ध गराउने छ ।
- बालमैत्री स्थानीय शासनको सूचकहरूलाई सहयोग पुग्ने कार्यक्रमहरू तय गर्दै आ.व. २०८३/०८४ बाट पूर्ण रूपमा बालमैत्री बनाउने नीति प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ । प्रत्येक वडा र विद्यालयम बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप बाल क्लबहरू तथा बाल क्लब सञ्जाल गठन गरिनेछ ।
- अपाङ्ग बालबालिका, अपाङ्गता भएका व्यक्तिका लागि पुनःस्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।
- आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्ग, दलित, आदिबासी जनजाति, सीमान्तकृत, पिछाडा वर्ग, एकल महिला तथा पुरुष, अपाङ्गता भएका व्यक्ति तथा समुदायको हित तथा आर्थिक शसक्तीकरणको लागि सीपमूलक तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरी सामाजिक न्यायमा आधारित समाजको निर्माण गरिनेछ । जेष्ठ नागरिक हाम्रा अनुभवका खानी हुन् । उहाँहरुको अनुभव आदान प्रदान गरी पुस्ता हस्तान्तरण गर्न युवासँग जेष्ठ नागारिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालविवाह तथा बहुविवाहलाई निरुत्साहित गर्ने असल मनशाय सहित विवाह गर्नुपूर्व अनिवार्य रूपमा वडा कार्यालयबाट विवाह अनुमति सिफारिस लिएर मात्र विवाह गर्ने पद्धति विकास गरिनेछ ।
- ५ वर्ष मुनिका बालबालिकाहरुको पूर्ण खोपको सुनिश्चितता र दीगोपनलाई निरन्तरता दिइनेछ ।
- गाउँघर क्लिनिक तथा खोप केन्द्रमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई प्रोत्साहित गरिनेछ।
- नसर्ने रोग तथा पोषण सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिने छ ।
- गाउँपालिकास्तरीय खानीखोला गाउँपालिका कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाका सम्पूर्ण खेलकुदसँग सम्बन्धित गतिविधिहरु खेलकुद विकास समिति मार्फत सञ्चालन गरिनेछ ।
- महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरी गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

- गाउँपालिकाका सबै जाति, आदिवासी जनजाति, अति सीमान्तकृत, सीमान्तकृत समुदायको धर्म, भाषा, संस्कृति, परम्परा, कला, साहित्य, परम्परागत ज्ञान, सीप, क्षमता, अनुभव र योग्यताको संरक्षण र संवर्द्धन गरिनेछ ।
- गाउँपालिका भित्र बोलिने सबै भाषा, सबै समुदायका परम्परागत पर्वहरु र झाँकीहरु, डम्फु, खैंजडी, टुङ्गना लगायतका बाजाहरुको समूह बनाई संरक्षण गरिनेछ साथै लामा, ताम्बा, बोम्बो, कोसे लगायतका धार्मिक एवम् सांस्कृतिक क्रियाकलापको संरक्षण र प्रतिस्पर्धात्मक किसिमले पुनःस्थापित गरिनेछ ।
- ऐतिहासिक कालदेखि दलित तथा शिल्पी समुदायले जीवन निर्वाहको रूपमा अपनाइ आएका परम्परागत पेशालाई व्यावसायिक उद्यमको रूपमा विकास गर्न पूँजी लगानी सहयोग गरिनेछ ।
- गाउँपालिका सरकारले जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षा भत्ता वडाबाटै वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- घर घरवाट फोहोर उठाउँदा सुरु मै अनिवार्य रुपमा कुहिने र नकुहिने फोहर वर्गीकरण गरि अलग अलग रुपमा संकलन तथा व्यवस्थापन कार्यलाई प्राथमिकीकरण गरि फोहोर मैला ब्यवस्थापन ऐनको आधारमा जथाभावी फोहोर गर्नेलाई दण्ड जरिवाना समेतको नीतिलाई निरन्नतरता दिईने छ ।
- राष्ट्रिय प्रशारण लाईनको बिजुली पुगेको तर विभिन्न कारणले कम भोल्टेज पुगेको र गुणस्तरीय विद्युत आपूर्ती नभएका ठाउँहरुमा गुणस्तरीय विद्युत आपूर्तीकोलागी नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरी विद्युतको गुणस्तर बढाउन पहल गरिने छ ।
- खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।
- नागरिकको स्वास्थ्यलाई मध्यनजर गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसँग समन्यव गरी गाउँपालिका अन्तर्गतका पसल व्यवसायहरू जसले मानव स्वास्थलाई हानी नोक्सानी गर्ने सामाग्रीहरूको व्यपार गरेको छ त्यस्तो अखाद्यान्न सामान नियन्त्रण गरिनेछ र व्यवसायीहरूलाई कानूनी दायरामा ल्याइनेछ ।

## १५. पूर्वाधार विकास

विगत लामो समय देखि विकट एवं दुर्गम भनि परिचय बनाएको यस पालिकाको परिचय बदल्नका लागि पूर्वाधारको विकासको क्षेत्रमा आमुल उन्नती गर्न सम्पूर्ण पहल केन्द्रित गरिनेछ ।

- गाउँपालिकाको प्रशासकीय भवन र २ नं. वडा कार्यालयको भवनहरू छिटै सम्पन्न गरिनेछ र ठेक्का हुन बाँकी रहेका वडा कार्यालयहरूलाई छिट्टै ठेक्का गरिनेछ ।

- ❖ बागमती प्रदेश सरकारको प्राथमिकतामा परेको ताल्ढुंगा उदयीमान सहरी बिकास कार्यक्रमलाई सफल बनाउने तर्फ जोड दिइनेछ । साथै गाउँपालिकाको सहरी विकासको सम्भावना बोकेको जगथली, महाङ्काल र फलामेटारको पनि सम्भाव्यता अध्ययन गर्ने प्रक्रिया अघि बढाइनेछ ।
- ❖ निर्माणाधिन जनमुक्ति मार्ग, सिक्रेदोभान पुल, खानीखोला र दुर्लुङ खोला पुल सम्पन्न हुँदा खानीखोला विकासमा नयाँ क्रान्ती नै थपिने भएकोले उक्त आयोजना समयमै सम्पन्न गर्न गाउँपालिका सरकारले सम्पूर्ण पहल गरिनेछ ।
- ❖ सडकहरुको वर्गीकरण, सडक मापदण्ड सम्वन्धी आवश्यक नीतिगत व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ । गाउँपालिकाका सडक क्षेत्रमा पर्ने जग्गाको कित्ताकाट गरी सडक क्षेत्राधिकार कायम गर्ने नीति लिइनेछ ।
- ❖ खानीखोला गाउँपालिकाको गौरवको योजना एवं पालिका केन्द्र जोडिने खोपासी-ताल्ढुंगा सडक कालोपत्र गर्न, गाउँपालिकाको मेरूदण्ड सडक खानीखोला करिडोर च्याल्टी-फलामेटार-ताल्ढुंगा सडक, ताल्ढुंगा-महाँङ्काल-हेल्टार वडा नं. ७ हुँदै बेथानचोक सडक खजुलीवेसी, धाप्ले मिल्चे, दयाँगाउ महादेवटार देउराली कुस्पा, तालढुङ्गा, जुरे भाङ्टार कुपिन्टारलाई पालिकाको उच्च प्राथमिकतामा राखी स्तरोन्नती गरिनेछ ।
- ❖ खानीखोला गाउँपालिका भित्रका सडक पुलहरूलाई निर्माणको लागि पहल गरिनेछ र यस गाउँपालिकाको खानीखोला करिडोर अन्तर्गत बेलिबिज्रहरू निर्माण गरिनेछ साथै बाहुनबिर्ता, धार्ने, सतिघाट, महाभारत जोड्ने चाउ खोला, आँपटार-टोकेदमार, खानीखोला, धनमनाबेसी कुपिनटार सुकुम फेदीको दुर्लुङ खोलामा पक्की पुल निर्माणको लागि सङ्घ र प्रदेशसँग समन्वय गरी यसै वर्ष ठेक्काको पहल गरिनेछ ।
- ❖ गाउँपालिका अन्तर्गतका सडकहरूमा सडक बत्ति विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै पिच सडकहरूमा दुबै पट्टी वृक्षारोपण गरी हरियाली वातारवण मैत्रीको धारणा विस्तार गरिनेछ ।
- ❖ सबै वडा केन्द्रहरूमा सडकको पहुँच सुलभ बनाउन यस अघि गरिएका प्रयासलाई निरन्तरता दिई सोही अनुरूपको कार्यक्रम बनाइनेछ ।
- ❖ खानीखोला गाउँपालिकाको पहिचान बोक्ने र धेरै भन्दा धेरै बस्तीलाई समेट्ने खानीखोला कोरिडोरलाई खानीखोलाको मेरुदण्ड सडकको रूपमा विस्तार एवम् विकास गरी प्रदेश राजधानी हेटौंडासम्म जोडिनेछ ।
- ❖ गाउँपालिका भित्रका झोलुङ्गे पुल निर्माण गर्न आवश्यक स्थानहरूमा आगामी ४ वर्ष भित्रमा झोलुङ्गे पुल निर्माण गरिनेछ ।

- ❖ गाउँपालिकाभित्रका सडकहरु जुनसुकै बेला क्षति भई आवागमन अवरुद्ध हुने भएकाले यातायात सुचारु गर्न आपतकालीन सडक मर्मत सम्भार कोष मार्फत गरी कार्यान्वयन गरिनेछ ।
- ❖ पोखरी संरक्षण, पहिरो तथा खहरे नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण, नदी उकास क्षेत्रको संरक्षण गरी जल, जमिन, जङ्गल र जलाधारको संरक्षण गरिनेछ ।
- ❖ गाउँपालिकाको आन्तरिक आय लगायत जनजिवन परिवर्तन गर्ने उद्देश्यका साथ गाउँपालिकामा रहेको माइक्रो हाइड्रोलाई विस्थापित गरी १ देखि ५ मेगा वाट को हाइड्रोपावर उत्पादनको लागि विभिन्न कम्पनीहरूको साझेदारीमा उत्पादन गर्नको लागि प्रस्ताव स्वीकार गरिनेछ ।
- ❖ यस आर्थिक वर्षमा यस अघिका गाउँपालिका अन्तर्गतका अधुरा योजनाहरूलाई समपन्न गर्न उच्च प्राथमिकता दिइनेछ ।
- ❖ खानीखोला सरकारको मूल अभिभारा "एक घर, एक धारा" भन्ने मूल नारालाई सफलीभूत बनाउन विभिन्न साझेदारी संस्थासँग समन्वय गरी स्वच्छ खानेपानी "एक घर, एक धारा" लाई निरन्तर विस्तार गर्दै लगिनेछ ।
- ❖ खानेपानीको समस्या भएका गाउँपालिकाको सबै ठाउँमा बृहद् खानेपानी आयोजना मार्फत खानेपानीको व्यवस्था गरिनेछ । साना खानेपानी आयोजना निर्माणलाई प्राथमिकतामा राखी उचित बजेट विनियोजन गरिनेछ ।

## १६. वन, वातावरण तथा विपद् व्यवस्थापन

- ➢ वन अतिक्रमण तथा डढेलो नियन्त्रणलाई निरुत्साहित गर्न वृक्षरोपणका कार्यक्रम लागू गरिनेछ । गाउँपालिका भित्रका सामुदायिक वनहरूलाई जिम्मेवारी बनाउन आवश्यक कार्यहरू गरिनेछ ।
- ➢ गाउँपालिकाको तालढुङ्गा र अन्य बजार क्षेत्र लगायतको फोहोरलाई व्यवस्थित गर्न वातावरणीय प्रभाव मूलयाङकन गरी फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ ।
- ➢ आकस्मिक प्रकोपजन्य रोग नियन्त्रणका लागि आवश्यक नीति बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- ➢ गाउँपालिकाभित्र बाढी पहिरो, चटयाङ, हावाहुरी, आगलागी, भूकम्प आदि विपद्का घटनाहरू निरन्तर रुपले भइरहने हुनाले प्राकृतिक विपद् न्यूनीकरणको सम्भावनालाई अध्ययन गरी विपद् र चटयाङ्गबाट पर्ने असरको न्युनिकरणको लागि विज्ञ सहितका अर्थिङ लगाइनेछ ।

- विपद् विरुद्धको प्रतिकार्यलाई व्यवस्थित बनाउन आवश्यक योजना निर्माण गरिनेछ र रेड क्रस लगायतका संस्थासँग समन्वय गरी विपद् पूर्ण अवस्थामा गरिने उद्धार तथा पुनःस्थापना कार्यलाई छिटो र छरितो बनाउन विपद् प्रतिकार्य टिम निर्माण गरिनेछ ।
- गाउँपालिकाको विपद् व्यवस्थापन कोषलाई प्रभावकारी बनाउँदै यसको परिचालनमा सुशासन कायम गरिनेछ । विपद् पूर्वतयारी, उद्धार-राहत तथा विपद् पश्चात पुनःलाभका लागि विपद् प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा लागू गरिनेछ । मनसुनजन्य विपद् दुर्घटनाको रोकथाम, उद्धार र पुनःलाभ कार्यहरुमा अन्तर सरकार, साझेदार निकाय तथा सरोकारवालासँग समन्वय गरिनुका साथै आवश्यक जनचेतना अभिवृद्धि गरिनेछ ।
- वातावरण संरक्षणको लागि स्थानीय प्राकृतिक जीवन र Eco diversity र Bio diversity लाई समेत मध्येनजर गरी खोलामा करेन्ट लगाउने कार्यलाई नियनत्रण गरिनेछ ।

## १७. सुशासन तथा संस्थागत क्षमता विकास

- खानीखोला गाउँपालिकामा भएका असल अभ्यास, अनुकरणीय अभ्यास र सम्पदाहरूको बारेमा यहाँ जनपक्षीय कार्य, सार्वजनिक सूचना एवं पालिकाको गतिविधिहरूको बारेमा समाचार प्रकाशन गर्ने सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापनको व्यवस्था गरिनेछ।
- भौगोलिक विकटताका कारण कर्मचारी अभावले कार्यालय कामकाजमा बाधा पर्ने हुँदा थप जिम्मेवारीको आधारमा कर्मचारी प्रोत्साहन भत्ता उपलब्ध गराउँदै आएकोमा यस आ.व. मा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरी सोको प्रतिवेदन कार्यन्वयनमा ल्याइनेछ ।
- गाउँपालिका तथा वडा कर्यालय एवं मातहतका कार्यालयमा सबै जनप्रतिनिधि, कर्मचारीहरूले कार्यालय परिसरमा प्रवेश गरेपछि हरेक सेवाग्राहीलाई अनिवार्य नमस्कारको अभिवादन सहित सार्वजनिक सेवामा सहजिकरण गरी काम सकेपछि पनि नमस्कार सहितको सेवा प्रदान गरिनेछ ।
- गाउँपालिकाको कार्यालय र मातहतका निकायबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन जनप्रतिनिधि, राष्ट्र सेवक कर्मचारी र सेवाग्राही बीच सुमधुर सम्बन्ध कायम गराई गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई अनलाइनसँग जोड्ने नीति लिइएको छ ।

❖ गाउँपालिकाबासीले सरल, सहज, गुणस्तरीय, भरपर्दो, छिटो छरितो, विश्वसनीय र विश्वसनीय सेवा प्राप्त गरुन् भन्ने उद्देश्यका साथ वडा कार्यालयबाट प्रदान गरिने सेवा र सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा घुम्ती सेवालाई निरन्तरता दिइनेछ र सेवा प्रवाहलाई अझ सरलीकरण गरिनेछ ।

❖ सदाचारी नीति अबलम्वन गरी नागरिकहरुको सुशासनको आकांक्षा पूरा गर्न भ्रष्टचार रहित गाउँपालिका निर्माण गरिनेछ साथै भ्रष्टचारजन्य कार्यमा शून्य सहनशीलता (Zero Tolerance) को नीति अबलम्वन गरिनेछ ।

❖ गाउँपालिकाको कार्यालय र मातहतका निकायमा कार्यरत सम्पूर्ण कर्मचारीलाई समयानुकूल तालिमको व्यवस्था मार्फत कर्मचारीहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी सूचना तथा सञ्चार प्रविधिमा दक्ष कर्मचारीको विकास मार्फत सार्वजनिक सेवा प्रवाहमा गुणस्तर कायम गरिनेछ भने कर्मचारीको मनोबल र उत्प्रेरणा बढाउन आवश्यक पुरस्कार तथा भत्ताको व्यवस्था गरिनेछ ।

❖ गाउँपालिकाबाट हुने खर्च प्रणालीमा मितव्ययिता अपनाई पारदर्शिता कायम - गरी शून्य बेरुजुको अवस्था सिर्जना गरिनेछ । लेखापरीक्षणबाट औल्याइएका बेरुजुहरु संपरीक्षण गरी बेरुजु न्यूनीकरणमा जोड दिन कर्मचारी र लेखा समितिको काम कारबाहीलाई प्रभावकारी बनाइनेछ ।

❖ गाउँपालिका र मातहतका सम्पूर्ण सेवा केन्द्रमा डिजिटल नागरिक वडापत्र राख्ने कार्यलाई प्रभाकारी बनाइनेछ भने गाउँपालिकाको सम्पूर्ण क्रियाकलाप र गतिविधिहरु मासिक रुपमा वेभसाइटमा प्रकाशन गर्नुको साथै गाउँपालिकाका सूचना अधिकारीको माध्यमबाट आम सरोकारवाला व्यक्ति, पक्ष र निकायमा आवश्यक जानकारी प्रदान गरिनेछ ।

❖ गाउँपालिकाको आन्तरिक आम्दानीलाई दिगो तथा भरपर्दो बनाउन राजस्वका नयाँ क्षेत्रहरु पहिचान गरी राजस्वको दायरालाई फराकिलो बनाई गाउँपालिकाको आन्तरिक आम्दानीलाई मजबुत बनाउन आवश्यक कार्य गरिनेछ ।

❖ गाउँपालिकालाई सूचना प्रविधि मैत्रि बनाउन अफिस अटोमेशन म्यानेजमेन्ट सिस्टम (Office Automation Management System) विकासका लागि पहल गरिनेछ । कर्मचारी, शिक्षक तथा विद्यार्थीहरुलाई सूचना प्रविधिको सचेतना बढाउन विभिन्न सूचना प्रविधिसँग सम्बन्धित विषयमा क्षमता विकास गरिनेछ । गाउँपालिकामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरुको हाजिरी ई-हाजिरी प्रणालीमा आवद्ध गरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

❖ न्यायिक समितिबाट सम्पादित कार्य सम्पादनमा प्रविधिको उपयोग गरी सरल, सहज, छिटो, छरितो र पारदर्शी रुपमा सम्पादन गर्ने व्यवस्था मिलाईनेछ । न्याय प्रदान गर्दा कसै प्रति कुनै पनि पुर्वाग्रह नराखी मानवीय मुल्य, मान्यता, मर्यादा र गरिमाको सम्मान गर्दै सबैको व्यक्तित्व र अस्थित्वको कदर गरिनेछ ।

❖ "विवादको साटो मेलमिलापको बाटो" भन्ने आदर्श वाक्यलाई कार्यान्वयन गर्न वडास्तरीय मेलमिलाप केन्द्रलाई थप सक्षम र सुदृढ गरी परिचालन गरिनेछ ।

❖ गाउँपालिका क्षेत्रभित्र हुने सबै प्रकारका ब्यावसायिक तथा आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याईनेछ । व्यवसाय करका दरलाई समय सापेक्षरुपमा मिलान गरिनेछ । करका दायराहरुलाई फराकिलो पारिनेछ । सम्पत्ति कर र भूमि करलाई वैज्ञानिक र समय सापेक्ष

बनाउन अभिलेख अध्यावधिक गरी सम्पत्ति कर र भूमिकरको दर पुनरावलोकन गरिनेछ । मानव स्वास्थ्यमा दीर्घकालिन प्रतिकुल असर गर्ने मदिरा तथा सुर्तीजन्य पदार्थको बिक्रि वितरणलाई व्यवस्थित गर्दै लैजाने उद्देश्यले यसमा लगाईदै आएको करको दरमा वृद्धि गरिनेछ ।

- चुस्त, दुरुस्त गति तथा पारदर्शीताका साथ सेवा प्रवाह दिन विभिन्न सेवाहरू अनलाइन/अफलाइन सफ्टवेयर मार्फत प्रदान गरिनेछ ।
- सबै वडाको पञ्जीकरण सम्बन्धी सेवा प्रवाह व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत गरिनेछ ।

अन्त्यमा यस गरिमामय सभामा सभालाई शानदार ढङ्गले सम्पन्न गर्नका लागि उपस्थित गाउँसभाका सदस्यज्यूहरू, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, कर्मचारी साथीहरू र यो नीति तथा कार्यक्रमलाई खानीखोलाको विकासको दस्तावेजको रूपमा ग्रहण गर्नु हुने सम्पूर्ण सहभागीहरूप्रति हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !

ईन्द्र बहादुर थिङ

अध्यक्ष

ईति सम्वत २०८३ साल असार १० गते रोज ४ शुभम् !